नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ९(क), दायर मिति-:२०७८-०४-०५

फैसला मिति-२०८०-१२-०५

| वादी | प्रतिवादी |
| --- | --- |
| राज गुप्ताको जाहेरीले नेपाल सरकार------------------------१ | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.७ बस्ने बर्ष २० को तहसिब आलम भन्ने तैसिव हवारी समेत २-----------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले एक्कासी गाली गलौज गर्दै कुटपिट गरी गरेको भन्ने राज गुप्ताको जाहेरी दरखास्त।

२. एक्कासी गाली गलौज गर्दै कुटपिट गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका साबिर हुसेन समेतको घटनाविवरण कागज।

३.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

४.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

**यसमा मिति २०७८।०१।०६ गते अं ०८: ०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.१६ स्थित सडकमा प्रतिवादीहरु दिपु यादव,तहसिव आलम भन्ने तैसिव हवारी र विर्ता ०७८(क) ले जाहेरवालालाई गाली गलौज गरी कुटपिट गर्दै अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का तथा राज गुप्ताको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम फरार प्रतिवादीहरु तहसिब आलम भन्ने तैसिव हवारी र दिपु यादवलाई जरिवाना जनही रु १०,०००। - तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु ४००।- क्षतिपुर्ति शुल्क निर्धारण गरिएको छ गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम फरार प्रतिवादीहरु तहसिब आलम भन्ने तैसिव हवारी र दिपु यादवबाट जरिवानाको हकमा जनही रु १०,०००।- र पिडित राहत कोषमा जनही रु ४००।- दाखिला गर्नका लागि असुलउपर गर्न जिल्ला प्रहरी कार्यालयलाई पत्र लेख्नु। ।---------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। -------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु---१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल चैत महिना ०५ गते रोज २ / ने.सं. ११४४ चिल्लाथ्व ९,सोमबार शुभम् ............